# किरात येले संवत् अभिलेख

(किरात येले संवत् अन्तर्राष्ट्रिय विशेष विचार गोष्ठी, १४-१५, नोभेम्बर, २००९)

२०१०



## किरात येले संवत् अध्ययन समन्वय समिति

अनामनगर, काठमाडौं, नेपाल ।

| | |
|---|---|
| कृति | : **किरात ये़ले़ संवत् अभिलेख**<br>(किरात ये़ले़ संवत् अन्तर्राष्ट्रिय विशेष विचार गोष्ठी, १४-१५, नोभेम्बर, २००९)<br>२०१० |
| प्रकाशक | : किरात ये़ले़ संवत् अध्ययन समन्वय समिति |
| संस्करण | : प्रथम |
| प्रकाशित सङ्ख्या | : १000 प्रति |
| सर्वाधिकार | : किरात ये़ले़ संवत् अध्ययन समन्वय समिति |
| तस्वीर स्रोत | : किरात ये़ले़ संवत् अध्ययन समन्वय समिति, ईन्द्रबहादुर राई, गणेश राई, एम.डी. कुलुङ राई, शङ्कर साम्पाङ् राई |
| डिजाइन<br>आवरण सज्जा | : CreativeWork. NEPAL |
| मूल्य | : रू. ५00 I-, UK£ 7, USA$ 11, IC 350. |
| मुद्रण | : महालक्ष्मी अफ्सेट प्रेस, बिजुली बजार, बानेश्वर, काठमाडौं । |
| प्रकाशन सहयोगी | : किरात ये़ले़ संवत् अध्ययन समन्वय समिति, ब्रुनाई |
| ISBN | : 978-9937-2-3243-9 |

# किरात येले संवत्‌को कालगणना अध्ययनको सन्दर्भ

**उठान**

गोपालवंशी, महिषपालवंशी, किरातवंशी, लिच्छविवंशी, मल्लवंशी, शाहवंशी युग हुँदै नेपाल वर्तमान सङ्घीय लोकतान्त्रिक गणतन्त्रको युगमा आइपुगेको सर्वविदितै छ । नेपाली सभ्यताको विजारोपण र विकासको आरम्भ भने किरातकालमा सुरु भएको थियो भन्ने कुरा **'किरातहरूको शासन नै नेपाली संस्कृतिको उत्पत्ति काल हो ।'** भन्ने बालचन्द्र शर्माको भनाइ *(शर्मा, पृ. ७७: २०३३)* ले पुष्टि गर्दछ । गोपालराजवंशावलीकाअनुसार ३२ पुस्ता *(गोपालराजवंशावली, पृ. २५)*, कर्कपेट्रिकका अनुसार २७ पुस्ता *(कर्कपेट्रिक, पृ.२५९-२६०:१८११)*, भेन्सिटार्ट *(Vasittart, p. 21:1906)* र राइटकाअनुसार २९ पुस्ता *(शर्मा, पृ. ६४:२०३३)* प्रेमबहादुर माबुहाङका अनुसार ३३ पुस्ता *(सुब्बा र ढुङ्गेल, पृ. ४८ र ७५:२०४७)* का किरात राजाहरूले शासन गरे । यहाँ उल्लेखित स्रोहरूमध्ये जयस्थिति मल्ल *(ई.सं. १३८२-१३९५, ऐ. वंशावली, पृ. ii)* को राज्यकालमा लेखिएको गोपालराजवंशावलीलाई सबैभन्दा पुरानो प्रमाण मानिन्छ ।

किरातकालीन सभ्यतामा नै नेपालले आफ्नो मौलिक आर्थिक, सामाजिक, कला, साहित्य र धार्मिक जीवनले पूर्ण आकार ग्रहण गरिसकेको थियो ।

किरात जाति (याक्खा, सुनवार, लिम्बू, राई आदि) ले पहिला विभिन्न नाममा आफ्नो प्राकृतिक धर्म मानिल्याएका भए पनि २०५८ को जनगणनादेखि आफ्नो मौलिक धर्मको नाम **'किरात धर्म'** भनेर औपचारिक रूपमा लेखाई स्थापित गरिसकेका छन् ।

किरात सभ्यताको अर्को विशेषताको रूपमा मानिल्याइएको किरात येले संवत्‌लाई राष्ट्रिय मान्यता दिलाउनु किरात समुदायको मनसुवा पनि रहेकै छ । यसका लागि हिजोको सामन्तवादी जन्जिरबाट उन्मुक्ति पाएका र आजको सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक युगमा स्वपहिचानका लागि पूर्वजका विराशत्‌लाई पुनःउठान गरी किरात समुदायहरूले मानिल्याएको संवत्‌लाई सर्वमान्य विशेषताहरूले परिपूर्ण संवत्‌को रूपमा विकास गराउन प्रयत्न गर्नु समीचीत सत्कार्य हो । यसैको परिणामस्वरूप किरात येले संवत्‌को विविध आयामका बारेमा विशद छलफल भइआएको हो ।

**अनुष्ठान**

किरात येले संवत्‌को **प्रयोग एवम् विस्तार**, त्यसबारेमा **अध्ययन तथा बहस, किरात येले संवत्‌को कालगणनामाथि बहस किन र समाधान**को सन्दर्भमा भएका केही महत्त्वपूर्ण घटनाहरू उल्लेख गर्नु वान्छनीय हुने छ ।

**क) संवत्‌को प्रयोग एवम् विस्तार**

- **पुष्प थाम्सुहाङले स्रिजङ्गा मासिक**को वर्ष १, अङ्क ७, २०३० थेसेक्रो (कार्तिक) को पृष्ठ ३ मा पहिलो चोटि **किराती तङ्बे** (संवत्) ५०७३ *(वैरागी, तान्छोप्पा, पृ. १, ३, माघ २०६४)* भनेर प्रयोग गरेको पाइन्छ । यसपछि सिक्किमका **जसहाङ मादेन**को पहलमा अखिल सिक्किम किरात लिम्बू चुम्लुङ (**केरेक्लेन सुखिम् किरात याक्थुङ चुम्लुङ**) ले साँप वर्षको याक्थुङ पञ्चाङ्ग (**असेक तङ्बेलेन् याक्थुङ येन्लन्**) अर्थात् याक्थुङ **येले तङ्बे** ५०४९ *(ऐऐ)* सन् १९८९-९० अर्थात् २०४५-४६ मा प्रकाशित भएको थियो । पुष्प थाम्सुहाङले प्रयोग गरेको संवत्‌को आधार विक्रमजित हसरत्‌को **नेपालको इतिहास** (History of Nepal) *(नवसमन्वय वर्ष १, अङ्क ४, २०६५, पृ.३५)* अनुसारको कलि संवत् हो भने जसहाङ मादेनले प्रयोग गरेको संवत् प्रेमबहादुर माबुहाङ र भूपेन्द्रनाथ ढुङ्गेल लिखित **संक्षिप्त नेपालको इतिहास** *(वि.सं. २०११)* मा उल्लेखित कलिगत संवत् हो । यसर्थ यी दुईबीचमा ४० वर्षको अन्तर रहेको छ । हाल प्रचलनमा रहेको संवत् पुष्प थाम्सुहाङले प्रयोगमा ल्याएको संवत् नभई जसहाङ मादेनले प्रयोगमा ल्याएको संवत् हो जुन अघिल्लोभन्दा करिब ४० वर्ष कान्छो रहेको छ ।
- वि.सं. २०४८ सालमा किरात याक्थुङ चुम्लुङ केन्द्रीय कार्यालयले काठमाडौँबाट याक्थुङ येले संवत् (५०५१-५२) को क्यालेन्डर निकालेपछि किरात राई यायोक्खा, सुनुवार सेवा समाज, किरात याक्खा छुम्मालगायतका संस्थाहरूले यो संवत्‌लाई क्रमशः प्रयोगमा ल्याए र पछिल्लो समयमा यसको प्रयोगले व्यापकता पाएको छ ।

**ख) अध्ययन तथा बहस**

- २०५३ माघ १७ र १८ गते बिर्तामोड, झापामा सम्पन्न भएको किरात याक्थुङ चुम्लुङ राष्ट्रिय परिषद्को चौथो सम्मेलनले **'यले तङ्वेको नयाँवर्ष निर्धारण'** सम्बन्धमा हालसम्म भएको प्रगति जानकारी गराई अनुसन्धान क्रम जारी राखी चाँडो निष्कर्षमा पुग्ने निर्णय गरियो *(पारित प्रस्तावहरू, पृ.१२:२०६४)* भनी उल्लेख भएको छ ।
- डी.बी. आङ्बुङले **किरात संवत् र नववर्षको सन्दर्भ** नामक लेख लेखी **पालाम त्रैमासिक**, वर्ष १, अङ्क १, २०६१, मा प्रकाशित गरेका छन् ।
- राजेश राईद्वारा सङ्कलित एवम् प्रकाशित **'किराती लोककथा सङ्ग्रह'** *(पृष्ठ ८८)* मा **'किराती ऐले संवत्को उत्पत्ति'** भन्ने लोककथा २०६२ मा प्रकाशित भएको छ ।
- प्राज्ञ वैरागी काइँलाले ये़ले संवत्को प्रयोग र विस्तारको बारेमा लेख्नुभएको लेख **'किराती संवत्देखि ये़ले संवत्सम्म'** लेख तान्छोप्पा पत्रिकाको वर्ष १३, अङ्क १, माघ २०६४ मा प्रकाशित भयो ।
- किरात याक्थुङ चुम्लुङ ललितपुरले **'ये़ले तङवे (यलम्वर संवत्) खोज अध्ययन'** शीर्षकको प्रस्ताव २०६४ मा तयार गऱ्यो । सोही प्रस्ताव २०६५ मा नेपाल आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानमा पेश गऱ्यो ।
- वैरागी काइँलाको लेखको आधारमा **नवसमन्वय द्वैमासिक** पत्रिकाले २०६५ माघ १८ गते **'ये़ले संवत् ऐतिहासिकता र समसामयिक सन्दर्भ'** विषयक अन्तरक्रिया कार्यक्रम सञ्चालन गऱ्यो । यसपछि श्रृङ्खलावद्ध बहस, छलफल, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विचार गोष्ठी सम्पन्न भए भने ती प्रक्रियाबाट प्राप्त निष्कर्षका आधारमा किरात ये़ले संवत्लाई राज्यबाट मान्यता दिलाउनका लागि राष्ट्रप्रमुख, सरकारप्रमुख, संविधानसभाका अध्यक्ष, संस्कृतिमन्त्रीसम्म स्मरणपत्र, ज्ञापनपत्र, मागपत्र बुझाउने कार्यहरू भइसकेका छन् भने यसलाई सार्थक रूप दिनका लागि मञ्जुल याक्थुम्बाको संयोजकत्वमा किरात समुदायका बुद्धिजीवी तथा अगुवाहरूको सहभागितामा दबाब समूह पनि गठन भई कार्यरत रहेको छ ।

**ग) किरात ये़ले संवत्को कालगणनामाथि बहस किन ?**

किरात ये़ले संवत्को कालगणनामाथि बहस हुनुका धेरै कारणमध्ये केही महत्त्वपूर्ण कारण निम्नअनुसार छन्:

१ **नाममा एकरूपताको सन्दर्भ:** यो संवत् प्रयोग गर्दा कतिपयले किरात संवत्, कतिपयले किरात ये़ले संवत्, कतिले एले संवत् भनेर प्रयोग गरेको पाइयो । यही विविधतालाई एकरूपता दिने सुविचारित मनसायका साथ २०६५ माघ १८ गते नवसमन्वयको पहलमा **'ये़ले संवत्: ऐतिहासिकता र समसामयिक सन्दर्भ'** विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएपछि त्यसलाई नै एकआधार स्तम्भको रूपमा लिएर पुन: नवसमन्वय र मुन्धुम् पब्लिकेसनको आयोजनामा मिति २०६६ साउन २६ गते 'ये़ले' संवत्सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भएपछि भदौ २२ गते बसेको **किरात समन्वय समिति** (किरात याख्खा छुम्मा, किरात सुनुवार सेवा समाज, किरात याक्थुङ चुम्लुङ र किरात राई यायोक्खा) को बैठकले **'किरात संवत्, किरात एले संवत्, ये़ले संवत्'** आदि विविध नाममा प्रयोग हुँदै आएको संवत्लाई उपरान्त **'किरात ये़ले संवत्'** को रूपमा प्रयोग गर्ने सर्वसम्मत निर्णय गरेको थियो ।

२ **काल गणना:** काल गणनाको अन्योलताकै बीचमा यस अघि रहेको अर्को समस्या भनेको किरात ये़ले संवत्को सम्बन्ध केसँग वा कोसँग भन्ने पनि थियो । जस्तो कि यो संवत्को सम्वन्ध किरात सभ्यातासँग हो ? एलम् *(वज्राचार्य र मल्ल, पृ. ७३: १९८५)* सँग ?, येलुङ *(कर्कपेट्रिक, पृ.२५७: १८११)* सँग ? यलम्ब *(माबोहाङ.., पृ.४८: २०४७)* सँग ? या यलम्वर *(शर्मा, पृ. ६४: २०३३)* सँग ? *(नवसमन्वय, पृ १६:२०६५)* । यस विषयमा अब कुनै दुविधा रहेको छैन किनभने **'किरात ये़ले संवत्'** नाममा प्रयोग भएको **'ये़ले'** शब्द प्रथम किरात राजा **यलम्वर**को **स्मृति**मा प्रयोग गरिएको हो । यसर्थ **'किरात ये़ले संवत्'** यलम्वर आफैँले चलाएको संवत् नभई स्मृति संवत् हो । यद्यपि किरातकाल गणनाका बारेमा विभिन्न इतिहासकारहरूमा कहीकतै एकरूपता रहेको पाइन्न । यसको महत्त्वपूर्ण कारण भनेको ठोसप्रमाणहरू नपाइनुका साथै किरात इतिहासबारेमा विशद विश्लेषण नहुनु पनि हो । यसबारेमा पाइएका केही कालगणनाका मतहरू हेरौँ:

- **जसहाङ मादेन** *(इतिहासकार प्रेमबहादुर माबुहाङको नेपालको संक्षिप्त इतिहास)* का अनुसार कलिगत ४० वर्षलाई आधार मान्दा हालको किरात ये़ले संवत् ५०७१ वर्ष हुन आउँछ ।

- **पुष्प थाम्सुहाङ** *(इन्द्रजित हसरतको नेपालको इतिहास)* अनुसार किरात येले संवत् ५११० हुन आउँछ ।
- **हज्सन**ले गरेको वंशावलीहरूको तुलनात्क अध्ययनबाट किरात राजा यलम्वर ईपू ३०९५-९६ तिर राजगद्दीमा बसेको मानेका छन् । यस कुरालाई आधार मान्दा किरात येले संवत् ५१०८ हुन आउँछ *(प्रा.डा.जगदीशचन्द्र रेग्मी, प्राचीन नेपालको संक्षिप्त किरात इतिहास, वि.सं. २०६६, पृ.११)* ।
- इतिहासकार **बालचन्द्र शर्मा**ले उल्लेख *(नेपालको ऐतिहासिक रूपरेखा, २०३३, पृ. ७३)* गरेअनुसार यलम्वरको शासनकाल ई.पू. ८४० भने र यसलाई आधार मान्ने हो भने किरात येले संवत् २८५१ हुन आउँछ । यहाँ इतिहासकार शर्माले राजा यलम्वरलाई जितेदास्तीको ६ वा ८ पुस्ता अधिका मानेका छन् र हरेक राजाको राज्यकाल ४० वर्ष मानेका छन् ।
- प्राध्यापक **दिनेशराज पन्त**को मतानुसार किरात येले संवत् ५१९१ (३१२४ वि.पू.+२०६७ वि.सं.) या ५३३१ (३२६४ वि.पू.+२०६७ वि.सं.) या ५३३५ (३२६८ वि.पू.+२०६७ वि.सं.) हुनआउँछ । यो मूलतः भाषावंशावलीहरूको आधारमा हो ।
- **संवत् गणनासम्बन्धी अन्य प्रश्नहरूः** हिन्दू दर्शनको युग (सत्य, त्रेता, द्वापर र कलि) गणना कति वैज्ञानिक छ ? हिन्दू दर्शनको युग गणना नै किरात दर्शनको पनि युग गणना हो कि उनीहरूको मौलिक दर्शन र युग गणना पनि रहेको छ ? अथवा किरातकालीन इतिहासलाई नेपालको इतिहासको ठोस र तथ्यगत इतिहाससँग जोड्न सकिन्छ वा किरात काललाई श्रुतिकालीन इतिहासबाट तथ्यगत इतिहासमा परिणत गर्न सकिन्छ ? अज्ञात इतिहास भएकाहरू आफ्नो इतिहास छोट्याउन होइन लब्याउनतिर लाग्छन् भन्ने विश्वास छ । किरातहरूले सोही विश्वासलाई नै पुट दिने कि सहीसलामत इतिहासको खोजीमा लाग्ने ?

३ **पञ्चाङ्ग पद्दतिको विकासः** सन्, विक्रम संवत्, नेपाल संवत् आदि संवत्हरूजस्तै किरात येले संवत्को पनि पञ्चाङ्ग विकास हुनु आवश्यक र अपेक्षित छ । किरात येले संवत्को पञ्चाङ्ग हिन्दू परम्पराअनुसार चैत्रादि हुने वा पौषादि हुने ? या सौर्य पद्दति वा चन्द पद्दतिमा हुने भन्ने समस्या विद्वान्हरूबीचमा बारम्बार उठ्ने गरेको छ । केही वर्षअघिदेखि माघ १ गतेलाई नयाँ वर्ष आरम्भ दिनको रूपमा मानिँदै आएको छ । यो पौषादि हो र यो हिन्दू पञ्चाङ्ग पद्दति वा सौर्य पद्दतिअनुसारको पञ्चाङ्ग पद्दति हो । यसले किरातहरूको मौलिक दर्शन र पहिचान बोकेको छ त ? अथवा बानी परेको आधारमा स्थापित हिन्दू दर्शनअनुसारको पञ्चाङ्ग बोकेर तथाकथित मौलिकता र स्वपहिचानको ठूलाठूला कुरा गर्ने हो ?

४ **सरकारी मान्यताः** लिच्छविकाल नेपालको इतिहासमा स्वर्णयुगको रूपमा मानिने गरेको छ । यो स्वर्णयुगको पूर्वपिठिका किरातकाल हो किनभने विकास Revolution बाट होइन Evolution बाट मात्र हुन्छ । नेपालको स्वर्ण युगीन लिच्छविकालको पूर्वपिठिका सभ्यताको आरम्भ प्रथम किरात राजा यलम्वरले गरेका हुन् । उनै यलम्वरको स्मृतिमा चलिआएको किरात येले संवत् किरात समुदायको सांस्कृति ढुकढुकी हो । यसर्थ **'किरात येले संवत्'**लाई राज्यले मान्यता प्रदान गर्नु गणतन्त्र नेपालको संविधानको समावेशी सिद्धान्त अङ्गीकार गर्नु मात्र नभई नेपालको इतिहासमा सबैभन्दा लामो शासनकाल रहेको किरातकालीन सभ्यतालाई मान्यता दिनु र त्यस कालखण्डको थप अध्ययन अनुसन्धान गरी हाम्रै इतिहासको जग बलियो बनाउनु पनि हो जुन हामीले विगतमा गर्न सकेका थिएनौं । तर सरकारी मान्यताका लागि अकाट्य प्रमाणहरूको प्रस्थापनाका आधारमा अगाडि बढ्नु अनिवार्य छ । यसर्थ किरात येले संवत्सँग सम्बन्धित नायक प्रथम किरात राजा यलम्वरको राज्यरोहणकाल पहिचान गर्नका लागि नेपालको वर्तमान कालखण्डमा प्राप्य रहेको सबैभन्दा पुरानो मानिएको संवत् (शक संवत्) १०७ ब्राम्ही लिपिमा लेखिएको जयवर्माको मूर्ति (हाल राष्ट्रिय सङ्ग्रहालयमा रहेको) र जयस्थिति मल्ल *(ई.सं. १३८२-१३९५, ऐ. वंशावली, पृ. ii)* को राज्यकालमा लेखिएको सबैभन्दा पुरानो मानिएको गोपालराजवंशावली (हाल राष्ट्रिय अभिलेखालयमा रहेको) लाई प्रमाण मान्नुबाहेक हाम्रो सामु अर्को विश्वासनीय र भरपर्दो बाटो छैन । गोपालराजवंशावली कालका हिसाबले सबैभन्दा जेठो हुनुका साथै संस्कृत र शास्त्रीय नेवारी भाषामा लेखिएको छ भने अन्य भाषा वंशावलीहरू विगत डेढदुई सय वर्षको सेरोफेरोमा खसनेपाली भाषामा लेखिएका छन् । यसर्थ विश्वासनीयताको कसीमा राखेर हेर्दा गोपालराजवंशावली अवश्यमेव अन्य वंशावलीभन्दा बढीमात्रामा तटस्थ र विश्वासनीय हुनेमा विश्वस्त हुन सकिन्छ ।

### वैठान

### किरात येले संवत् काल निर्धारणको समाधान के हो त ?

वर्तमान अवस्थामा प्राप्त ऐतिहासिक एवम् तथ्यगत प्रमाणहरूमध्ये सबैभन्दा भरपर्दो र विश्वासनीय आधारमा टेकेर निर्णय गरी अगाडि बढ्नु र अनुत्तरित प्रश्नका लागि थप अध्ययन तथा अनुसन्धान जारी राख्नु अबको एक मात्र सुगम माटो हो । इतिहासको पूर्णताको कुनै सीमा हुँदैन जस्तो कि केही वर्ष अगाडिसम्म नेपालको इतिहासमा मानवदेवकालीन शिलालेखहरू सबैभन्दा पुराना प्रमाणहरू थिए भने आज आएर काठमाडौंको मालीगाउँमा पाइएको जयवर्माको मूर्ति सबैभन्दा पुरानो मान्नु परेको छ र भोलि किरातकालीन कुनै शिलालेख वा त्यस्तै ठोस प्रमाण नपाइएला भन्ने कुनै अविश्वानीय आधार छैन किन भने किरात राजाहरूका समकालीन सम्राट् अशोक, कौटिल्य निर्मित कार्यकृतिहरूमा कहीकतै किरात राजा वा किरात शासनबारेमा ठोस प्रमाण नभेटिएला वा किरात राजाहरूबारेमा अन्य कुनै अपेक्षित ठोस वस्तुहरू फेला नपर्लान् भन्ने छैन जसरी जयवर्माको मूति फेला पऱ्यो । तर प्राप्तिको अनन्त र अनिश्चित समय कुरेर हामी बस्न सक्दैनौं । हाम्रोसामु प्राप्त विश्वासनीय आधार जे छ त्यसको आधारमा सामुहिक र समुचित निर्णय गरेर अगाडि बढ्नु हाम्रो लागि सर्वथा समीचीन कर्तव्य हुन आउँछ ।

-o-

प्रस्तोताः अमर तुम्याहाङ

www. kirat.org
Biswasdip Tigela, biswasdip@ymail.com

१४ डिसेम्बर, २०१० (२०६७ मङ्सिर २८ गते) मङ्गलबार किरात राई यायोक्खाका केन्द्रीय निमित्त अध्यक्ष तथा किरात समन्वय समितिका निमित्त अध्यक्षको हैसियतले श्री दुर्गा राईको अध्यक्षतामा आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको हलमा किरात समन्वय समिति र किरात येले संवत् अध्ययन समन्वय समितिका संयोजक तथा नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति वैरागी काइँला साथै यस अभियानका अगुवाहरूलगायत किरात समुदायका बुद्धिजीवीहरूको सहभागिता एवम् स्रोतव्यक्तिहरू इतिहासविद् तथा संवत्विशेषज्ञ प्रा. डा. जगदीशचन्द्र रेग्मी, किरात समन्वय समितिका संस्थापक अध्यक्ष तथा वर्तमान सल्लाहकार मञ्जुल याक्थुम्बा र किरात इतिहासकार दुर्गाहाङ याक्खा राईको संलग्नतामा भएको **किरात येले संवत् काल निर्धारणसम्बन्धी अन्तरक्रिया** कार्यक्रमले किरात येले संवत्को काल निर्धारण गर्नका लागि गोपालराजवंशावलीलाई मुख्य आधार मान्ने निर्णय गर्दै प्रा. डा. जगदीशचन्द्र रेग्मीबाट १४-१५, नोभेम्बर, २००९ (कात्तिक २८-२९, २०६६) मा प्रस्तुत भएको किरात येले संवत् अन्तर्राष्ट्रिय विशेष विचार गोष्ठीमा प्रस्तुत कार्य पत्रमा उल्लेख भएको ३१ औँ किरात राजा **खुरांज**को शासन काल १८ वर्ष उल्लेख भएको तर मञ्जुल याक्थुम्बाबाट सो शासन काल १८ वर्ष नभई ७८ वर्ष हुनु पर्ने राय अगाडि आएकाले उल्लेखित १८ र ७८ वर्षमध्ये कुन हो सत्यतथ्य प्रमाण हेरी स्रोतव्यक्तिहरू र किरात येले संवत् अध्ययन समन्वय समितिको संयुक्त पहलमा किटान गरी किरात समन्वय समितिमा पेश गर्ने निर्णय गरेको थियो । सोही निर्णयबमोजिम २३ डिसेम्बर, २०१० बिहीबारको दिन प्रा. डा. जगदीशचन्द्र रेग्मी, मञ्जुल याक्थुम्बा र शङ्कर साम्पाङ राई राष्ट्रिय अभिलेखालयमा गई माथि उल्लेखित ३१ औँ किरात राजा **खुरांज**को शासन १८ वर्ष वा ७८ वर्ष हो भन्ने बारेमा इतिहासकार तथा लिपि विशेषज्ञ ऐश्वर्यधर शर्मा, लिपि विशेषज्ञ सिद्धिरत्न शाक्य, अभिलेखालय प्रमुख भीम नेपाल र अनुसन्धान अधिकृत राजु रिमालको रोहबरमा बसेर गरिएको गोपालराजवंशावलीको मूलप्रतिको परीक्षण पश्चात् ३१ औँ किरात राजा **खुरांज**को शासन १८ वर्ष नभई **७८ वर्ष** नै रहेको पुष्टी भयो ।

काठमाडौँ मालीगाउँबाट पाइएको मूर्तिमा लेखिएको शिलालेखबाट संवत् १०७ मा राजा जयवर्माको नाम लेखिएको पाइएको हुनाले र गोपालराजवंशावलीको वर्णनमा ३२ पुस्ता किराती राजापछि वर्मावंशी राजाहरूको नामावली पाइनेमा यिनै जयवर्मा नामको राजाले आफ्नो राज्यस्थापना गरेको उपलक्ष्यमा आफ्नो सालिक सो मितिमा खडा गरेको बुझिन आउँछ । यस आधारबाट किरात शासनको अन्त्य संवत् १०७ (ई.सं. १८५) मा भएको र वर्मावंशको शासन सुरु भएको देखिन आउँछ । यस कालगणनाको आधारमा गोपालराजवंशावलीमा वर्णित ३२ पुस्ता

किरात राजाहरूको शासन वर्षका अङ्कहरू सबै जोडेर हिसाब गर्दा हुनआउँने काल गणनालाई किरात राजवंशको शासन अवधि मान्नु पर्ने देखिन्छ । उल्लेखित ई.सं. १८५ बाट पूर्व काल गणना गरेर हिसाब गर्दा निस्कने अङ्क १९६४ (१९६३ वर्ष ८ महिना) मा १८५ घटाएपछि हुनआउने १८७९ (१८७८ वर्ष ८ महिना) योगफलमा २०११ जोडेपछि हुनआउने समग्र योगफल ३७९० (३७८९ वर्ष ८ महिना) हुन आउँछ । यसको आधारमा किरात येले संवत्को वर्तमान कालगणना ३७९० (३७८९ वर्ष ८ महिना) देखिन आउँछ । यसअनुसार किरात राजा एलम्/येलुङ/यलम्बरको शासन आरम्भ वर्ष ई.पू. १८७९ (१८७८ वर्ष ८ महिना) पूर्व भएको मान्नु पर्ने देखिन्छ ।

... ... ... ... ... ... ... ...

प्रा. डा. जगदीशचन्द्र रेग्मी, इतिहासकार तथा संवत्‌विशेषज्ञ

... ... ... ... ... ... ...

मन्जुल यक्थुम्बा, किरात समन्वय समितिका संस्थापक अध्यक्ष तथा वर्तमान सल्लाहकार

... ... ... ... ... ... ... ...

दुर्गाहाङ याक्खा राई, किरात इतिहासकार

... ... ... ... ... ... ... ...

किरात येले संवत् अध्ययन समन्वय समितिका तर्फबाट
प्रेमबहादुर बेघा, सहसंयोजक

# सम्पादकीय/प्रकाशकीय

नेपाल आमाको भू-आकृतिक चेहरा-रूपको अनन्त तर चित्ताकर्षक लय प्रभाहित छ । यसै लयमा नेपाली सभ्यता सिर्जित भयो र लहरियो लयवद्ध यो श्रृङ्खलामा– गोपालीय सभ्यता, महिषपालीय सभ्यता, कैरात सभ्यता, लिच्छवि सभ्यता, मल्ल सभ्यता र नेपाली जनगणको वर्तमान सभ्यता । यसैमा चिरन्तन बाँच्यो नेपाल राष्ट्र र नेपाली राष्ट्रियता । यसैबीचमा एउटा श्रृङ्खलाले अर्को श्रृङ्खलालाई ठिहिलो सेप गरेजस्तै कतिपय अवस्थामा एउटा जाति-राष्ट्रले अर्को जाति-राष्ट्रलाई औपनिवेशीकरणको दुष्चक्रीय छायाँमा पारेको कालो इतिहासको निर्मम डाम पनि हामीले बोकेका छौँ । तर औँसीको रातमा ताराले टिम्टिमाएर उज्यालोको आभाष दिएजस्तै प्रज्ञाप्रदिप्त श्रवणेन्द्रिय र दूरदर्शी चक्षुधारी प्राज्ञ द्रष्टाहरूले दमित तर अविछिन्न इतिहासको त्यो धुमिल ध्वनि सुन्दछन्, देख्दछन् र लोकसमक्ष सादृष्य पार्दछन् । कमसेकम किरात सभ्यता र किरात येले संवत्को सन्दर्भमा यही उपक्रम जोडिएको छ अनि किरात इतिहास, संस्कृति र सभ्यता उत्खनन तथा प्रमाणीकरणको अनुष्ठान आरम्भ भएको छ । जित र हारको घामछायाँ भएर अगाडि बढ्ने इतिहासमा जित्नेको इतिहास स्वर्णाक्षरले लेख्ने र हार्नेको इतिहास चपरीमुनि पुर्ने सामान्य नियति हो । यसो भनेर किरातकालीन इतिहास, सभ्यता र त्यससँग सम्बन्धित किरात येले संवत्लाई इतिहासजनित प्रमाणको कसीमा नघोट्नु अथवा अपुष्ट प्रमाणको आधारमा मात्र त्यसलाई मानक-मापन गर्नु क्षम्य हुनेछैन । यसर्थ किरात इतिहासलाई सही प्रमाणको आधारमा प्रामाणिकता प्रदान गरी अगाडि बढ्नु नेपाली सभ्यता र नेपाली अस्तित्वको अविछिन्नताको लयलाई कायम गरी घनीभूत बनाउने सम्यक् कर्म हो ।

नेपालको इतिहास लेख्ने स्वदेशी तथा विदेशी विद्वान् इतिहासकारहरूले किरात कालबारेमा प्रशस्त चर्चा गरेका छन् । परन्तु किरात राजाहरू र तिनका राज्यकाल निर्धारणमा मतैक्य पाइन्न । यसको प्रमुख कारण भनेको किरातकालीन ठोस अवशेषीय प्रमाणहरू नपाइनु, किरातकालीन मूर्ति मानिएका प्राचीन प्रस्तर मूर्तिहरूको वैज्ञानिक परीक्षण नहुनु, किरातकालीन भग्नावशेष रहेको मानिएका ऐतिहासिक ठाउँहरूको उत्खनन नहुनु हो । यद्यपि किरातकाल बारेमा प्राप्त इतिहाससम्मत साहित्यहरू र अन्य समकालीन प्रमाणहरूको आधारमा किरातकाल खुट्याउने कार्य प्राज्ञ वैरागी काइँलाको नेतृत्व र इतिहासविद् तथा संवत्विशेषज्ञ प्रा.डा. जगदशीचन्द्र रेग्मीको सक्रियतामा अगाडि बढ्यो । यसैक्रममा **'येले संवत् ऐतिहासिकता र समसामयिक सन्दर्भ'** (३१ जनवरी २००९ तदनुसार १८ माघ २०६५) विषयमा छलफल, **येले संवत् अन्तरक्रिया कार्यक्रम** (९ अगस्ट २००९ तदनुसार २५ साउन २०६६), **'किरात येले संवत्'** नाममा एकरूपता कायम गर्ने बारेमा किरात समन्वय समितिको निर्णय (७ सेप्टेम्बर २००९ तदनुसार २२ भदौ २०६६), **किराती सभासद्हरूसँग किरात येले संवत्सम्बन्धमा छलफल** (३१ अक्टोबर २००९ तदनुसार १४ कात्तिक २०६६), **किरात येले संवत्बारेमा बुद्धिजीवी तथा इतिहासकारहरूसँग अन्तरक्रिया** (७ नोभेम्बर २००९ तदनुसार २१ कात्तिक २०६६) तथा **किरात येले संवत् अन्तर्राष्ट्रिय विशेष विचार गोष्ठी** (१४-१५ नोभेम्बर २००९ तदनुसार २८-२९ कात्तिक २०६६) जस्ता ऐतिहासिक कार्यक्रमहरू श्रृङ्खलाबद्ध रूपमा सम्पन्न भए ।

यस अभियानलाई अगाडि बढाउने क्रममा प्राज्ञ वैरागी काइँलाको संयोजकत्वमा **'किरात येले संवत् अध्ययन समन्वय समिति'**को गठन, **'किरात येले संवत् अन्तर्राष्ट्रिय विशेष विचार गोष्ठी'**को आयोजनादेखि आजतक किरातकाल, किरात राजाहरू र तिनको राज्यकाल, किरात इतिहासको विविध पक्षहरू, किरात येले संवत्को कालगणना र संवत् परिवर्तन आदि विषयलाई प्रामाणिक बनाउने अभियानमा प्रा. माणिकलाल श्रेष्ठ, संस्कृतिविद् सत्यमोहन जोशी, प्रा. डा. त्रिरत्न मानन्धर, प्राज्ञ ज्ञानमणि नेपाल, प्रा. दिनेशराज पन्त, प्रा.डा. रमेश ढुङ्गेल, प्राज्ञ डा. जगमान गुरुङ, किरात संस्कृतिविद् मन्जुल याक्थुम्बा, किरात इतिहासविद् दुर्गाहाङ याक्खा राई आदि विद्वान्हरूले अमूल्य योगदान पुऱ्याउनुभएको छ । यसरी नै किरात येले संवत्को विशद बहस एवम् विचार मन्थनमा ज्योतिष चन्द्रकुमार सेर्मा, सह-प्राध्यापक ज्योतिषी माधवप्रसाद पाण्डे, श्री बी.बी. रोक्दुङ, भाषाविद् तेजमान आङ्देम्बे, श्री बी.एल्. खाम्धाक, श्री सचेन राईलगायतका स्वदेशी तथा विदेशी विद्वान् विदुषीहरूले पनि उतिकै महत्त्वपूर्ण योगदान पुऱ्याउनुभएको कुरा भनिरहनु परोइन ।

किरात येले संवत् अन्तर्राष्ट्रिय विशेष विचार गोष्ठीबाट जारी पाँचबुँदे घोषणापत्र तथा निष्कर्षअनुसार किरात येले संवत्लाई सरकारले राष्ट्रिय मान्यता दिनुपर्ने मागका साथ किरात येले संवत् अध्ययन समन्वय समितिका संयोजक प्राज्ञ वैरागी काइँलाको

अगुवाइमा **प्रधानमन्त्री** माधवकुमार नेपालसमक्ष **ज्ञापनपत्र** (१४ जनवरी २०१० तदनुसार ३० पुस २०६६), **प्रमुख प्रतिपक्षीदलका नेता** पुष्पकमल दाहाल प्रचण्डसमक्ष **स्मरणपत्र** (२१ जनवरी २०१० तदनुसार ७ माघ २०६६), **राष्ट्रपति** डा. रामवरण यादवसमक्ष **स्मरणपत्र** (२४ जनवरी २०१० तदनुसार १० माघ २०६६), **संविधानसभाका सभाअध्यक्ष** सुवासचन्द्र नेम्बाङ**समक्ष स्मरणपत्र** (२५ जनवरी २०१० तदनुसार ११ माघ २०६६) र **संस्कृतिमन्त्री** मिनेन्द्र रिजाल**समक्ष मागपत्र** (२६ जनवरी २०१० तदनुसार १२ माघ २०६६) प्रस्तुत गर्ने कार्य पनि सम्पन्न भइसकेको छ ।

यसै क्रममा वरिष्ठ कलाकार पूर्ण वनेमको सक्रियता, नेपाल प्रज्ञा-प्रतिष्ठानका कुलपति प्राज्ञ वैरागी काइँलाको प्रमुख आतिथ्य, संस्कृतिविद् सत्यमोहन जोशी, प्रा. माणिकलाल श्रेष्ठको आतिथ्य तथा किरात समुदायका अगुवा बुद्धिजीवीहरूको विशेष उपस्थितिमा **'प्रथम किरात राजा यलम्वरको तस्बिरमा एकरूपता छलफल कार्यक्रम २०१०'** पनि ३१ मार्च २०१० तदनुसार १८ चैत्र २०६७ मा सम्पन्न भई प्रथम किरात राजा यलम्वरको तस्बिरलाई एकरूपता कायम गर्ने कार्यसमेत पूरा भइसकेको छ ।

मूलतः किरात येले संवत् अन्तर्राष्ट्रिय विशेष विचार गोष्ठी र यसै सन्दर्भमा त्यसअघि र पछि भएका विभिन्न कार्यक्रमहरूको सिलसिलेवार अभिलेखीकरण नै यो **'किरात येले संवत् अभिलेख'** पुस्तक पाठकहरूसमक्ष एउटा महत् दस्तावेजको रूपमा प्रस्तुत गरिएको हो । यो ऐतिहासिक अभिलेख प्रकाशन गर्नेक्रममा अन्तर्राष्ट्रिय विचार गोष्ठीमा प्रस्तुत विचारहरूलाई तात्कालिक निष्कर्षमा पुऱ्याउन विशेष भूमिका निर्वाह गर्ने इतिहासविद तथा संवत्‌वेत्ता प्रा.डा.जगदीचन्द्र रेग्मी, किरात संस्कृतिविद् मञ्जुल याक्थुम्बा, किरात इतिहासकार दुर्गाहाङ याक्खा राई, किरात समन्वय समितिका अगुवा नेतृत्व पङ्क्तिका साथै यो अभियान सफल पार्नका लागि विशेष सहयोग प्रदान गर्नुभएका स्वदेश तथा विदेशमा रहेका किरात याक्खा छुम्मा, सुनुवार सेवा समाज, किरात याक्थुङ चुम्लुङ, किरात राई यायोक्खाका साथै किरात एवम् गैरकिरात समुदायका आर्थिक सहयोगदाता व्यक्ति तथा संस्थाहरू, प्राध्यापक तथा बुद्धिजीवीहरू, सभासद्, राजनीतिक नेतागण, स्वयमसेवकहरूप्रति किरात येले संवत् अध्ययन समन्वय समिति हार्दिक आभार व्यक्त गर्दछ ।

यसरी नै यो अभिलेख प्रकाशनको क्रममा शुभकामना प्रदान गर्नुहुने राष्ट्रपति, प्रधानमन्त्री, सभामुख, प्रमुख प्रतिपक्षदलका नेता, संस्कृतिमन्त्रीप्रति पनि यो समिति कृतकृत्य छ । यो अभियानभरि सूचना तथा समाचार सम्प्रेषण गरी अभियानलाई सफल पार्न महत्त्वपूर्ण योगदान गुर्नुहुने मिडिया पार्टनर ब्रिटिस गोर्खा मिडिया नेटवर्क, सनराइज पोस्टलगायत आमसञ्चारका सबै सहयोगी पत्रकार तथा फोटोपत्रकारप्रति पनि हामी आभार व्यक्त गर्दै उत्तिकै कृतज्ञ छौं ।

यो अभिलेख प्रकाशन गर्नको लागि आर्थिकभार बहन गर्ने किरात येले संवत् अध्ययन समन्वय समिति बुनाइका सम्पूर्ण सदस्य-सहयोगदाताहरू र आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानप्रति आभार प्रकट गर्दै हार्दिक धन्यवाद व्यक्त गर्दछौं ।

सिङ्गो अभियानको परिकल्पना, नेतृत्व र अभिभावकत्व प्रदान गर्नुहुने नेपाल प्रज्ञा-प्रष्ठिानका वर्तमान कुलपति प्राज्ञ वैरागी काइँला, विभिन्न पक्षको व्यवस्थापन गर्नुहुने प्रेमबहादुर बेघा, कृष्ण सुब्बा, अभियानलाई अगाडि बढाउन टेवा दिनुहुने शान्ति देवान, दुर्गा राई, क्या. छविलाल हाङस्रोङ, सुद्धासुद्धि हेर्नमा सहयोग गर्नुहुने ताराप्रसाद न्यौपाने र धनप्रसाद सुवेदी 'श्रमिक' साथै समितिभित्र र बाहिरका सबै मित्रहरूप्रति यो सम्पादक मण्डल हार्दिक आभार एवम् सम्मान व्यक्त गर्दछ । यस साथै यो अभिलेख प्रकाशनको क्रममा हुन सक्ने कमीकमजोरीहरूलाई औंल्याई सहयोग गरिदिनुहुन सम्पूर्णमा हार्दिक अनुरोध गर्दछौं ।

**बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक,** *(नेपालको अन्तरिम संविधान, २०६३, छैटौं संशोधन, भाग १, धारा ३, पृ.२)* **समावेशी सङ्घीय लोकतान्त्रिक, गणतन्त्रात्मक नेपाल** *(धारा ४, ऐ.पृ.)* राज्यले नेपालको इतिहासमा सबैभन्दा लामो समयसम्म राज्य गरेका किरातहरूको विरासत बोकेका किरात समुदायको ढुकढुकीको रूपमा रहेको किरात येले संवत्‌लाई राष्ट्रिय मान्यता दिएर **हामी सार्वभौमसत्ता र राजकीयसत्ता सम्पन्न नेपाली जनता** *(ऐ प्रस्तावना पृ.१)* मध्येकै किरात जनताको अभिमतको उचित सम्मान गर्नेछ र राज्यले आफ्नो समावेशी चरित्र सहीमानेमा चरितार्थ गर्नेछ भन्ने अपेक्षा गर्नु समीचीन ठहरिन्छ । यस पुनित कार्यको सफलताका लागि सबै पक्षबाट साथ र सहयोग पनि उत्तिकै प्रार्थनीय छ ।

सेवायो ! नमसेवोल् !! सोवारो !!! सेवा !!!!

# विषय सूची

## किरात ये‌ले संवत् अन्तर्राष्ट्रिय विशेष विचार गोष्ठी-२००९ को किरात ये‌ले संवत् अभिलेख

## KIRAT YALE CALENDAR INTERNATIONAL WORKSHO-2009

## KIRAT YALE CALENDAR PROCEEDINGS


खण्ड-१- शुभकामना/मन्तव्य
1. राष्ट्रपति ... v
2. प्रधानमन्त्री ... vi
3. संविधानसभाका अध्यक्ष ... vii
4. प्रमुख प्रतिपक्षी दल ... viii
5. संस्कृति मन्त्री ... ix
6. किरात समन्वय समितिसम्बद्ध संस्थाहरू
   - किरात याक्खा छुम्मा ... x
   - सुनुवार सेवा समाज ... xi
   - किरात याक्थुङ चुम्लुङ ... xii
   - किरात राई यायोक्खा ... xiii
7. किरात याक्थुङ चुम्लुङ, कतार ... xiv
8. नेपाल पर्यटन बोर्ड जातीय सङ्ग्रहालय ... xv
9. सम्पादकीय/प्रकाशकीय ... xvi
10. विषयसूची ... xvii

खण्ड-२- मूल कार्यक्रम (MAIN PROGRAM): 1-80
- उद्घाटन समारोह ... 1-8
- किरात ये‌ले संवत् अन्तर्राष्ट्रिय विशेष विचार गोष्ठीमा प्रस्तुत तथा छलफल भएका कार्यपत्रहरू
  - पहिलो सत्र : नेपाली किरात जातिको गौरवपूर्ण इतिहासको परिप्रेक्षमा किरात ये‌ले संवत्‌को प्रचलन... 9-26
  - दोस्रो सत्र : प्रथम किरात राजा यलम्वरको राज्यकालको विषयमा वंशावलीहरूको विचार ... 27-38
  - तेस्रो सत्र : किरात ये‌ले संवत्‌को सन्दर्भ र सिक्किम ... 39-46
  - चौथो सत्र : The Kirats: A study of Yalambar Year and problems in its use ... 47-54
  - पाँचौं सत्र : ...किरात ये‌ले संवत्‌को पात्रोसम्बन्धी अवधारणा-पत्र ... 55-64
- समापन समारोह ... 65-80

खण्ड-३- लेख खण्ड (ARTICLES): 81-128
1. सत्यमोहन जोशी : किरात ये‌ले संवत्‌सम्बन्धी ऐतिहासिक तथ्य फोकलोरमा प्राप्त हुनसक्छ ... 82-88
2. दुर्गाहाङ याक्खा राई : किरात ये‌ले संवत्‌को निरूपण बारे छलफल ... 89-93
3. मञ्जुल याक्थुम्बा : किरात ये‌ले संवत् अन्तर्राष्ट्रिय विशेष विचार गोष्ठी नियाल्दा ... 94-97
4. डा.रमेश ढुङ्गेल : प्रथम किरात राजा यलम्वा (यलम्वर) र प्रस्तावित ये‌ले संवत्‌को प्रसङ्ग ... 98-103
5. खगेन्द्र साम्पङ राई : किरात ये‌ले संवत् र मान्यताका कुरा ... 104-109
6. उपरथी (अ.प्रा.) अनन्त थेबे : किरात ये‌ले संवत् किन ? ... 110-113
7. Chandra Prakash Sunuwar: The Kirat Yale Sambat ... 114-115
8. चतुरभक्त राई : नेपालमा प्रचलित संवत्‌हरू र किरात इतिहासको एक प्रमाण: किरात ये‌ले संवत् ... 116-123
9. गोपाल किराती : किराती संवत् बारे ... 124-125
10. प्राज्ञ वैरागी काइँला : किराती संवत्‌देखि ये‌ले संवत्‌सम्म ... 126-128

खण्ड-४- अनुसूचीहरू (APPENDICES): 129-245
- अनुसूची - १ : घोषणापत्र ... 130-130
- अनुसूची - २ : मागपत्र र स्मरणपत्रहरू ... 131-141
- अनुसूची - ३ : अवधारण पत्र र केही पठाइएका पत्रहरू ... 142-152
- अनुसूची - ४ : पत्रपत्रिकाहरूमा प्रकाशित सामग्री, समाचार तथा प्रतिक्रिया ... 153-190
- अनुसूची - ५ : कार्यक्रम तालिका ... 191-198
- अनुसूची - ६ : कार्यक्रम तथा डेडिगेसनसँग सम्बन्धित केही तस्बिरहरू ... 199-212
- अनुसूची - ७ : बैठक, छलफल, गोष्ठी कार्यक्रम तथा डेलिगेसनमा सहभागीहरूको नामावली ... 213-225
- अनुसूची - ८ : किरात ये‌ले संवत् अध्ययन समन्वय समितिले किरात समन्वय समितिलाई बुझाएको प्रतिवदेन, अध्ययन समन्वयन समिति नेपाल र ब्रुनाइको नामावली ... 226-238
- अनुसूची - ९ : सहयोगदाताहरूको नामावली तथा आय व्यय विवरण ... 239-245
- अनुसूची - १० : आर्थिक सहयोग गर्ने महानुभावहरूको संक्षिप्त वैयक्तिक विवरण ... 246-270

*अनुसूची - ८*

# किरात येले संवत् अध्ययन समन्वय समिति

काठमाडौं, नेपाल

संयोजक
प्राज्ञ वैरागी काइँला
सहसंयोजक
प्रेम बहादुर बेघा
(९८५१०५१४२२)
सचिवालय सचिव
बलिराज खम्बू
(९८४१५६५१७७)
सञ्चार संयोजक
गणेश राई,
(९८४१२५६४८८)
राजकुमार दिक्पाल
(९८४१५२९२०७)
स्रोत संयोजक
कृष्ण सुब्बा
(९८४९२२३०५०)
अमर तुम्याहाङ
(९८४१०९५९८१)
क्या.छविलाल हाङ्स्रोङ
(९८५१००५००७)
सदस्यहरू
कवि विक्रम सुब्बा
डा- युवराज लिम्बू
उत्तम सुनुवार
शान्ति देवान
दुर्गा राई
राम प्रसाद चेमजोङ
शंकर राई
पी.एस. लिम्बू
एल.बी. बेघा, कियाचु, कतार
नरहाङ राई, किराया, हङकङ
क्या. बम लिम्बू, कियाचु,युके
दिल पालुङ्वा, हङकङ
विश्वासदिप तिगेला, ब्रुनाई
रामकृष्ण सुनुवार, युके
डा- लाल रापचा, जर्मन
इमाहाङ से?लिङ, सिक्किम
देवेन्द्र सुर्केली, मलेसिया
हितेन्द्र राई, युके
नगेन्द्र इङ्नाम, युएसए

प.स.:-
च.नं.:-

मितिः..................................

२७ डिसेम्बर, २०१०

**श्री अध्यक्षज्यू**
**किरात समन्वय समिति**
काठमाडौं, नेपाल ।

विषयः **किरात येले संवत्‌को काल निर्धारणसम्बन्धमा ।**

महोदय,

यस सम्बन्धमा किरात येले संवत् साथै सो संवत्‌को काल निर्धारणबारेमा पटकौंपटक भएको छलफल, बहस, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विशेष विचार गोष्ठी, प्राप्त ऐतिहासिक प्रमाणहरूको अध्ययन, अनुसन्धान तथा विश्लेषणको गरी किरात येले संवत्‌को काल गोपालराजवंशावलीको आधारमा निम्नानुसार भएको अनुरोधका साथ ती सकल प्रमाणहरूको छायाँ प्रति (गोपालराजवंशावलीको कभर पृष्ठ, पत्र १७, १८ र १९ का साथै ब्राह्मी लिपिमा संवत् १०७ उल्लेखभएको मालिगाउँमा प्राप्त हाल राष्ट्रिय सङ्ग्रहालयमा रहेको राजा जयवर्माको मूर्तिको तस्वीर) यसै साथ संलग्न गरिनुका साथै किरात येले संवत्‌को कालगणना सन् २०११ लाई मानिएको ब्यहोरा अनुरोध गरिन्छ ।

**बोधार्थः**
१. किरात याक्खा छुम्मा, केन्द्रीय कार्यसमिति, ललितपुर ।
२. सुनुवार सेवा समाज, केन्द्रीय कार्यसमिति, काठमाडौं ।
३. किरात याक्थुङ चुम्लुङ, केन्द्रीय कार्यसमिति, ललितपुर ।
४. किरात राई यायोक्खा, केन्द्रीय कार्यसमिति, काठमाडौं ।
५. प्रा. डा. जगदीशचन्द्र रेग्मी, इतिहासकार तथा संवत्‌विशेषज्ञ
६. मन्जुल याक्थुम्बा, किरात समन्वय समिति संस्थापक अध्यक्ष तथा वर्तमान सल्लाहकार
७. दुर्गाहाङ याक्खा राई, किरात इतिहासकार

बलिराज खम्बू
सचिवालय सचिव

*नोटः किरात येले संवत् अध्ययन समन्वय समितिका कार्यगत सहयोगी संस्थाहरुः किरात समन्वय समिति (किरात याक्खा छुम्मा, किरात सुनुवार सेवा समाज, किरात याक्थुङ चुम्लुङ, किरात राई यायोक्खा) राष्ट्रिय जातीय संग्रहालय नेपाल, गुन्युन पब्लिकेशन प्रा.लि. र नवलगन्धव पब्लिकेशन प्रा.लि. रहेका छन् ।*




किरात येले संवत्सम्बन्धी बुद्धिजीवीहरूसँग किरात येले संवत् अन्तर्राष्ट्रिय विशेष विचार गोष्ठीको पूर्वसन्धायमा आयोजना गरिएको अन्तरक्रिया कार्यक्रममा दयाँबाट क्रमश: प्रा.डा.जगदीशचन्द्र रेग्मी, प्राज्ञ वैरागी काइँला, प्राध्यापक दिनेशराज पन्त, ले.मानबहादुर सुनुवार



सो अन्तरक्रिया कार्यक्रमका सहभागीहरू




किरात येले संवत् अन्तर्राष्ट्रिय विशेष विचार गोष्ठीको उद्घाटन समारोहका प्रमुख अतिथि संविधानसभाका अध्यक्ष सुवासचन्द्र नेम्बाङ, कार्यक्रमका सभापति प्राज्ञ वैरागी काइँला, अथिति सचेन राई (दार्जिलिङ), जेठा सुब्बा (डुवर्स)का साथै अन्य अतिथिगण



उक्त कार्यक्रममा विदेशी पाहुनाहरूका साथ अन्य सहभागीहरू

## राष्ट्रपतिको शुभकामना

राष्ट्रपति

राष्ट्रपति भवन, महाराजगञ्ज
काठमाडौं ।

राष्ट्रपतिको कार्यालय शीतल निवास, काठमाडौं

## शुभकामना सन्देश

किरात येले संवत् अध्ययन समन्वय समितिले तयार पारेको **'किरात येले संवत् अभिलेख (अन्तर्राष्ट्रिय विशेष विचार गोष्ठी - २००९, १४ -१५ नोभेम्वर)'** ग्रन्थ प्रकाशन गर्न लागेको जानकारी पाउँदा मलाई खुशी लागेको छ ।

नेपाल विभिन्न जाति, धर्म, संस्कृति र सम्प्रदायको साझा फूलबारी हो । यो ऐतिहासिक पक्षलाई मनन् गर्दै सबै जाति, धर्म, संस्कृति र समुदायको अधिकार सुनिश्चित गर्न हामी राज्य पुनः संरचना गर्दै नयाँ संविधान निर्माण गर्न गइरहेको छौं ।

आदिवासी किरात समुदायको आफ्नै भाषा, धर्म, संस्कार-संस्कृति तथा मौलिक पहिचान छ । ऐतिहासिक कालदेखि आफ्नो समुदायले मान्दै आएको **'किरात येले संवत्'** लाई अभिलेखीकृत गर्ने प्रयास प्रशंसनीय छ ।

किरात समुदायले आफ्नो सभ्यता र संस्कृतिलाई अभिलेखीकरण गर्दै मुलुकको समग्र संस्कृतिलाई समृद्ध बनाउने कार्यमा यो प्रकाशनले थप सहयोग गर्ने आशा गर्दछु ।

मिति २०६७ पुस २० गते मंगलबार । **(डा.रामवरण यादव)**

# प्रधानमन्त्रीको शुभकामना

प्रधानमन्त्री

काठमाडौं, नेपाल

२०६७ असार २७

## शुभकामना !

किरात येले सम्बत् अध्ययन समन्वय समितिले 'किरात येले संवत् अभिलेख' ग्रन्थ प्रकाशन गर्न लागेको जानकारी पाउँदा मलाई खुसी लागेको छ।

नेपाल विभिन्न जाति, धर्म, संस्कृति र सम्प्रदायको साझा फूलबारी हो। यो ऐतिहासिक पक्षलाई मनन गर्दै सबै जाति, धर्म, संस्कृति र सम्प्रदायको अधिकार सुनिश्चित गर्न हामी राज्य पुन:संरचना गर्दै नयाँ संविधान निर्माण गर्न गइरहेका छौं। आदिवासी किरात समुदायको आफ्नै भाषा, संस्कृति र मौलिक पहिचान छ। ऐतिहासिक कालदेखि आफ्नो समुदायले मान्दै आएको किरात येले सम्बत्लाई अभिलेखीकृत गर्ने प्रयास प्रशंसनीय छ।

किरात समुदायको मौलिक पहिचान र संस्कृतिमा केन्द्रित रही प्रकाशन गर्न लागिएको ग्रन्थ त्यस समुदायका लागि मात्रै होइन, इतिहास, समाज, संस्कृतिलगायतका विषयमा अध्ययन र अनुसन्धान गर्न चाहने सबैका लागि उपयोगी सन्दर्भ सामग्री हुने अपेक्षासहित पूर्ण सफलताको कामना गर्दछु।

माधवकुमार नेपाल

# संस्कृतिमन्त्रीको शुभकामना

मा. डा. मिनेन्द्र रिजाल
मन्त्री
संङ्घीय मामिला, संविधानसभा,
संसदीय व्यवस्था तथा संस्कृति मन्त्रालय

फोन : ४-२११७९२ (कार्यालय)
फोन: ५५२४९६० (निवास)
पुल्चोक, ललितपुर, नेपाल

नेपाल सरकार

मिति: २०६७/०३/३१

प.सं.
च.नं.

शुभकामना

किरात येले संवत् अध्ययन समन्वय समितिले तयार पारेको किरात येले संवत् अभिलेख (अन्तराष्ट्रिय विशेष विचार गोष्ठि-२००९, १४-१५ नोभेम्वर) ग्रन्थ प्रकाशन गर्न लागेको जानकारी पाउँदा मलाई खुशी लागेको छ।

नेपाल विभिन्न जाति, धर्म, संस्कृति र सम्प्रदायको साझा फूलबारी हो। यो ऐतिहासिक पक्षलाई मनन् गर्दै सबै जाति, धर्म, संस्कृति र समुदायको अधिकार सुनिश्चित गर्न हामी राज्य पुनः संरचना गर्दै नयाँ संविधान निमार्ण गर्न गइरहेका छौं।

आदिवासी किरात समुदायको आफ्नै भाषा, संस्कृति र मैलिक पहिचान छ। ऐतिहासिक कालदेखि आफ्नो समुदायले मान्दै आएको किरात येले संवत्लाई अभिलेखीकृत गर्ने प्रयास प्रशंसनीय छ।

किरात समुदायले आफ्नो सभ्यता र संस्कृतिलाई अभिलेखीकरण गर्दै मुलुकको समग्र संस्कृतिलाई समृद्ध बनाउने कार्यमा यो प्रकाशनले थप सहयोग गर्ने आशा गर्दछु।

मिनेन्द्र रिजाल
मन्त्री

नेपाल आदिवासी जनजाति महासंघमा आवद्ध

का.जि.प्र.का.द.नं. ६१९/०५२/०५३
समाज कल्याण परिषद् द.नं. १०७१७

# किरात याक्खा छुम्मा

## KIRAT YAKKHA CHHUMMA

केन्द्रीय समिति, काठमाडौं

जि.पि.ओ. बक्स नं. ८९७५,
इपिसी: ८४८ काठमाडौं, नेपाल
केन्द्रीय कार्यालय महालक्ष्मीस्थान,
ललितपुर। फोन/फ्याक्स:०१-५५५१६१०
इमेल: yaksalen@gmail.com

प. सं.

च. नं.

मितिः.........................................

## शुभकामना

किरात ये़ले़ संवत् अध्ययन समन्वय समितिले **किरात ये़ले़ संवत् अभिलख** (अन्तर्राष्ट्रिय विशेष विचार गोष्ठी २००९) प्रकाशन गर्न लागेको जानकारी पाउँदा हामीलाई खुशी लागेको छ।

नेपालको ऐतिहासिक दोस्रो जनआन्दोलन २०६२/६३ पश्चात् २०६४ को अपूर्व ऐतिहासिक संविधानसभाको निर्वाचनबाट संविधानसभाको गठनले मुलुकमा २४० बर्षसम्म रहेको एक जाति, एक भाषा, एक धर्म, एक संस्कृतिको विभेदकारी राज्यव्यवस्थाको अन्त्यगरी लोकतान्त्रिक संविधानको सुनिश्चिततताको निम्ति यहाँका आदिवासी जनजातिहरूको मौलिक महिचानलाई सम्मान गर्दै राज्य सञ्चालनको मूल प्रक्रियामा जातीय जनसङ्ख्याको आधारमा समानुपातिक प्रतिनिधित्व गराई लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकास गर्ने जिम्मेवारी सरकारको काँधमा आएको छ। यो जिम्मेवारीलाई पूरा गर्न, गराउन किरात याक्खा जातिको प्रतिनिधिमूलक संस्था किरात याक्खा छुम्मा केन्द्रीय कार्यसमितिको तर्फबाट सकार, सबै राजनैतिक दलका नेतृत्व वर्ग, संविधानसभाका सम्पूर्ण सदस्यहरू समेतलाई इमानदारीका साथ आफ्नो कर्तव्य पूरा गर्न हार्दिक अपील गर्दछ।

नेपालको नयाँ बन्ने संविधानमा किरात शासनकालका प्रथम राजा यलम्वरको नाममा स्थापित किरात ये़ले़ संवत्लाई स्मारक संवत्को रूपमा स्थापित गर्नको लाग किरात ये़ले़ संवत्लाई लिपिबद्ध गर्नका साथै यससँग सम्बन्धित विषयहरूमा पनि सरकारको ध्यान जानु आवश्यक छ। त्यसका निम्ति यस प्रकाशित अभिलेखमा समेटिएका बौद्धिक विचारहरूले किरात ये़ले़ संवत् अध्ययन समन्वय समितिलाई आगामी दिनमा अगाडि बढ्नका निम्ति सफलता मिलोस् भन्ने शुभकामना व्यक्त गर्दै किरात ये़ले़ संवत्सम्बन्धी सम्पूर्ण अभियानहरूमा किरात याक्खा छुम्मा ऐकेबद्धता जाहेर गर्दछौं।

धन्यवाद।

(दुर्गामणि देवान)
अध्यक्ष

द.नं. ९४/०४८/०४९

च.नं. (Ref.): ६२/०६६/६७

# सुनुवार सेवा समाज
## Sunuwar Welfare Society

केन्द्रीय समिति काठमाडौं
Central Committe Kathmandu

स.क.प.आ.नं. १५२१

फोन: ०१-४१५४०५०
९८४१६९०२३९
९८५१०५०३७१
९७४१२०८१९४

**अध्यक्ष**
मनप्रसाद सुनुवार

**उपाध्यक्ष**
रणबीर सुनुवार
शान्तकुमारी सुनुवार
देविन्द्रकुमार मुखिया

**महासचिव**
खड्डोस सुनुवार

**सचिव**
शान्तबहादुर सुनुवार

**कोषाध्यक्ष**
निरबहादुर सुनुवार

**सदस्यहरू**
अमिता सुनुवार
झनकुमारी सुनुवार
डिका संघर्ष सुनुवार
समिर मुखिया सुनुवार
अमृतबहादुर सुनुवार
बुद्धिबहादुर सुनुवार
मदनकुमार सुनुवार
सरोजकुमार सुनुवार
चन्द्रबहादुर सुनुवार

**मिति:** २०६७/१०/०८

**विषय:** हार्दिक शुभकामना ।

किरात समुदायको ऐतिहासिक संवत् किरात ये‌ले संवत्लाई लामो समयदेखि खोजअनुसन्धान कार्य अनवरत रूपमा जारी राख्दै विभिन्न ऐतिहासिक प्रमाणहरूको अध्ययन अनुसन्धानपश्चात् प्राप्त लिखित प्रमाणको आधारमा ऐतिहासिक किरात ये‌ले संवत् ५०७० नभई किरात ये‌ले संवत् ३७९० भएको सदृष्ट प्रमाणहरूबाट प्रमाणित भएकोले किरात ये‌ले संवत् अध्ययन समन्वय समितिका पदाधिकारी तथा सदस्यहरू बधाईका पात्र बन्नुभएको छ ।

नेपाल राष्ट्रको अमूल्य सांस्कृतिक सम्पदा किरात ये‌ले संवत्लाई सङ्घीय अवधारणा अनुरूपको नवनिर्मित संविधानमा सूचीकृत गरी किरात ये‌ले संवत्लाई राष्ट्रिय संवत् घोषणा गर्नको लागि नेपाल सरकार समक्ष माग समेत गर्दछौं ।

(मनप्रसाद सुनुवार)
अध्यक्ष

कोटेश्वर, का.म.न.पा.-३५, फोन नं. ०१-४१५४०५०, फ्याक्स नं. ०१-४१५४०५०, Emial: sunuwar@gmail.com, Website: www.sunuwar.com.np

## किरात याक्थुङ चुम्लुङको शुभकामना


र.नं. १७५/०४७/०४८
स.क.प.नं. १६९६

किरात याक्थुङ चुम्लुङ-२०४६
केन्द्रीय कार्यालय

ललितपुर चुम्लुङहिम, तिखेदेवल
शोभाहिटीधारा, ललितपुर, नेपाल
पो.ब.नं. ४५४८, काठमाडौं
फोन/फ्याक्स ५५२०३४९
इमेल:- chumlung@wlink.com.np


च.नं.- १८७
प.सं.- ०६७/०६८

### शुभकामना

किरात येले संवत् अध्ययन समन्वय समितिले किरात येले संवत् अभिलेख प्रकाशन गर्न लागेको जानकारी पाएर खुशी लागेको छ ।

यस अभिलेखमा समाविष्ट किरात येले संवत्को सम्बन्धमा आयोजित विचार गोष्ठीमा प्रस्तुत विद्वानहरुको कार्यपत्रहरु, त्यसमाथि गरिएको टिकाटिप्पणी र अन्य लेखहरुले सम्वतको व्यवहारिकता, ऐतिहासिक तथ्य तथा प्रमाणहरुको बारेमा विचार विमर्श गर्दै किरात येले संवत्लाई स्थापित गर्न ठोस आधार प्रदान गरेको छ । साथै, यस अभिलेखले किरात येले संवत्मा रहेको काल निर्धारण र नयाँवर्ष सम्बन्धी द्विविधाहरुलाई निरुपण गर्न मदत पुऱ्याउदै किरात येले संवत्लाई राष्ट्रिय मान्यता दिलाउन महत्वपूर्ण भूमिका खेल्नेछ भन्ने विश्वास लिएका छौं ।

अन्त्यमा, किरात येले संवत् अध्ययन समन्वय समितिलाई यस अभिलेख प्रकाशनमा सफलता मिलोस भनी हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

(अर्जुन लिम्बु)
अध्यक्ष
किरात याक्थुङ चुम्लुङ केन्द्रीय कार्य समिति

मिति २०६७/१०/८

का.जि.का.द.नं. ३२८/०४९/५० 'सम्पूर्ण किरात भूमिवासीहरुको चाहना, किरात स्वायत्त राज्य राज्यको स्थापना ।' समाज कल्याण परिषद् द.नं. २६५६

# किरात राई यायोक्खा
(KIRAT RAI YAYOKKHA)

केन्द्रीय कार्य समिति, केन्द्रीय कार्यालय, २०४७
(Central Executive Committee, Central Office, 1991)

प.सं.:
च.नं.: ४६९

मिति: २०६६/१०/११

चतुरभक्त राई
अध्यक्ष

यशोदा राई
उपाध्यक्ष
राजबहादुर राई
उपाध्यक्ष
तिलक राई
उपाध्यक्ष
दुर्गा राई
उपाध्यक्ष

चन्द्रविक्रम राई
महा-सचिव

गणेश राई
सचिव
दिवश राई
सचिव
इन्द्रकुमारी राई
सचिव
जसबहादुर राई
सचिव

मे. चामबहादुर राई
कोषाध्यक्ष

सर्वधन राई
सहकोषाध्यक्ष
शङ्कर साम्पाङ राई
सहकोषाध्यक्ष

केन्द्रीय सदस्यहरु
छित्राकला राई
मनिकुमार राई
देविभक्त राई
कमला राई
अशोककुमार राई
पारशमणि राई
तेजनारायणसिंह राई
ताराबहादुर राई
बुद्धि चाम्लिङ राई
पूर्णबहादुर राई
हर्कराजहाङ राई
शङ्कर राई देवास
हरिके. राई साम्पाङ
जीवनकुमार राई वाम्बुले
श्रीकुमार पुमा राई
पदमकुमार राई
जयन्तीकला राई
मकरध्वज राई
प्रकाश बुङ्लावा राई
ऋषिश्वर राई
भोगीराज राई
प्रकाश राई
पार्वती राई
इन्दिरा राई
केदार राई
विषण राई
राजीव राई
दिवश कोयू राई
टङ्कबहादुर राई

## शुभकामना

किरात येले संवत् अध्ययन समन्वय समितिले **किरात येले संवत् अभिलेख** (किरात येले संवत् अन्तर्राष्ट्रिय विशेष विचार गोष्ठी १४-१५ नोभेम्बर, २००९) प्रकाशन गर्न लागेको खबरले हामीलाई अत्यन्तै हर्षित तुल्याएको छ । यो **अभिलेख** प्रकाशन हुनलागेकोमा अग्रीम शुभकामनाभन्दा पनि हामी यो अभियानको एउटा अभिन्न सहयात्री र यस आन्दोलनको अग्रणी भूमिका निर्वाह गर्ने संस्थाको हैसियतले यसको उपलब्धी र कमजोरीको भागिदार समुदायको नाताले यससम्बन्धी सम्पूर्ण अभियानहरूमा हाम्रो पूर्ण ऐक्यबद्धता जाहेर गर्दछौं । साथै यस **किरात येले संवत् अभिलेख**ले किरातीमात्रको नभएर सिङ्गो नेपाली सभ्यता-इतिहासलाई समृद्ध बनाउनमा महत्वपूर्ण योगदान पुर्‍याउने कुरामा हामी विश्वस्त छौं ।

करिव पाँचहजार वर्षभन्दा पुरानो इतिहास बोकेको नेपालको आदिवासी किरातीहरू इमानदार, विश्वासिलो र कर्मठ जातिको रूपमा विश्वमा परिचित छन् । प्राचीन नेपालको आधारभूत विकासको इतिहासमा किरातकालको विशिष्ठ योगदान रहेको यस कालखण्डलाई हामीले बिर्सी दियौं भने हाम्रो गौरवको चोमोलुङ्मा रसातलमा झर्ने छ । यो ऐतिहासिक संस्कृति र सभ्यता सहितको विषय सम्पूर्ण नेपालीहरूको मानसपटलमा हरपल-हमेसा ताजै राख्नु पर्ने दायित्व किरातीहरूको मात्र नभएर सारा नेपालीहरूको हो । समय परिवर्तनशील छ । यही परिर्वतनशील ऐतिहासिक विकासक्रमलाई हेर्दा नेपालमा विभिन्न किसिमका परिवर्तनकामी आन्दोलनहरू भए, हुँदैछ र हुनेछन् । यही सिलसिलाको एउटा अध्याय हो जनआन्दोलन- २०६२/६३ । हरेक आन्दोलनहरूले इतिहासमा एउटा फरक विशेषता र महत्व राखेका हुन्छन् । यो जनआन्दोलनले पनि केही महत्वपूर्ण विशेषताहरू बोकेका छन् । दसवर्षे जनयुद्ध र १९ दिने जनआन्दोलनको परिणामस्वरूप ऐतिहासिक संविधानसभाको गठन हुन सकेको विदितै छ ।

संविधानसभाको गठनले मुलुकमा २४० वर्षसम्म रहेको एक जाति, भाषा, धर्म, संस्कृतिको बिभेदकारी राज्यव्यस्थाको अन्त्यगरी लोकतान्त्रिक संविधानको सुनिश्चितताको निम्ति नेपाली आदिवासी जातिहरूको मौलिक पहिचानरूपी प्रज्ञालाई आत्मसात गर्दै राज्य सञ्चालन प्रक्रियाको मूल प्रवाहमा जातीय जनसङ्ख्याको आधारमा समानुपातिक प्रतिनिधित्व गराई लोकतान्त्रिक गणतन्त्र संस्थागत गर्ने जिम्मेवारी राज्यको काँधमा आएको छ । यस ऐतिहासिक जिम्मेवारीलाई पूरा गर्न, गराउन सम्पूर्ण किरात राईहरूको साझा, लोकप्रिय एवम् गौरवशाली छाता सङ्गठन किरात राई यायोक्खा केन्द्रीय कार्यसमितिलगायत सम्पूर्ण किराती राईहरूको तर्फबाट नेपाल सकार, राजनीतिक दलहरू, संविधानसभाका सदस्यहरूलगायत सम्बन्धित सम्पूर्ण पक्षहरूमा इमानदारीकासाथ आफ्नो कर्तव्य पूरा गर्नका लागि हार्दिक अनुरोध र अपील गर्दछौं ।

इतिहासकालका विद्वान् विदुषीहरूको मेहनतपूर्ण शोधबाट ट्रेस भई प्रमाणित भएको किरात शासनकालका प्रथम किराती राजा यलम्बरको नाममा स्थापित किरात येले संवत्लाई नेपालको नयाँ बन्ने संविधानमा कम्तिमा स्मारक संवत्को रूपमा अभिलेखिकृत गर्नु आज नितान्त आवश्यक छ । त्यस कार्यप्रति यस **किरात येले संवत् अभिलेख**मा प्रकाशित प्राज्ञिक लेखहरूले नेपाल सरकारलाई मार्ग प्रशस्त गर्ने छ । यो ऐतिहासिक गौरवशाली कार्यमा समर्पित सम्पूर्ण विद्वान् विदुषी तथा प्राज्ञहरूलाई धन्यवाद प्रदान गर्दै आगामी दिनहरूमा **किरात येले संवत् अध्ययन समन्वय समिति**संग हातमा-हात, काँधमा-काँध मिलाई अगाडि बढ्ने कुरामा प्रतिवद्धता जाहेर गर्दै ऐतिहासिक सभ्यतासहतिको **अभिलेख** प्रकाशनका लागि हार्दिक शुभकामना दिँदै किरात येले संवत्सम्बन्धी सम्पूर्ण अभियानहरूमा किरात राई यायोक्खा पुनः ऐक्यबद्धता जाहेर गर्दछौं ।

सेवा !

(चतुरभक्त राई)
अध्यक्ष

पोष्ट बक्स नम्बर: १९२३०, महादेवस्थान, कोटेश्वर, काठमाडौं । फोन/फ्याक्स: ०१-४१ ५५ २३५
E-mail: kiraya047@gmail.com www.kiratraiyayokkha.com

# किरात येले संवत् अध्ययन समन्वय समिति

काठमाडौं, नेपाल

समितिका पदाधिकारीहरू

<u>संयोजक</u>
प्राज्ञ वैरागी काइँला

<u>सहसंयोजक</u>
प्रेम बहादुर बेघा
फोन ९८५१०५९४२२

<u>सचिवालय सचिव</u>
बलिराज खम्बू
फोन ९८४१५६५९७७

सञ्चार संयोजक
गणेश राई,
फोन ९८४१२५६४८८
राजकुमार दिक्पाल

<u>स्रोत संयोजक</u>
श्रीमती कृष्ण सुब्बा
फोन ९८४९२२३०५०
अमर तुम्याहाङ
फोन ९८४१०९५९८१

सदस्यहरू
नरहाङ राई, किराया, हङकङ
एल.बी. बेघा, कियाचु, कतार
क्या. बम लिम्बू, कियाचु, युके
कवि विक्रम सुब्बा
डा.युवराज लिम्बू
उत्तम सुनुवार
शान्ति देवान
दिल पालुङ्वा, हङकङ
बिश्वासदिप तिगेला, ब्रुनाई
पी.एस. लिम्बू, युएइ
डा.लाल रापचा, जर्मन
देवेन्द्र सुर्केली, मलेसिया
इमाहाङ से?लिङ, सिक्किम
रामकृष्ण सुनुवार, युके
हितेन्द्र राई, युके

प.स.:- २०६६/०६७
च.नं.:- ११७

मितिः १ नोभेम्बर २००९

**श्री सम्माननीय सभामुखज्यू**
**व्यवस्थापिका-संसद्‌का सभामुखको कार्यालय ।**

**विषयः प्रमुख आतिथ्य ग्रहण गरिदिने बारेमा ।**

महोदय,

उपरोक्त विषयमा यही मिति २०६६ कार्तिक २८ गते **<u>किरात येले संवत्</u>** विषयमा अन्तर्राष्ट्रिय विशेष विचार गोष्ठी तथा कार्यपत्र प्रस्तुत कार्यक्रम आयोजना हुन गइरहेको हुनाले सो कार्यक्रमको **प्रमुख आतिथि**को आतिथ्यता ग्रहण गरिदिन हुन हार्दिक आग्रह गर्दछौं ।

<u>कार्यक्रम मिति, समय र स्थानः</u>

- **मितिः २०६६ कार्तिक २८ गते शनिबार**
- **समयः विहान ८:४५ बजे**
- **स्थानः नेपाल पर्यटन बोर्डको हल, प्रदर्शनी मार्ग**

..........................
प्राज्ञ वैरागी काइँला
संयोजक

.....................
बलिराज खम्बू
सचिवालय सचिव

*नोटः किरात येले संवत अध्ययन समन्वय समितिका कार्यगत सहयोगी संस्थाहरुमा किरात समन्वय समिति (किरात याक्खा छुम्मा, किरात सुनुवार सेवा समाज, किरात याक्थुङ चुम्लुङ, किरात राई यायोक्खो), मुन्धुम पब्लिकेइन र नव समन्वय पब्लिकेइसन रहेका छन् ।*

# किरात येले संवत् अध्ययन समन्वय समिति

काठमाडौं, नेपाल

प.स.:-२०६६/०६७
च.नं.:- ११३

मितिः २९ अक्टोबर २००९

समितिका पदाधिकारीहरू

<u>संयोजक</u>
प्राज्ञ वैरागी काइँला

<u>सहसंयोजक</u>
प्रेम बहादुर बेघा
फोन ९८५१०५९४२२

<u>सचिवालय सचिव</u>
बलिराज खम्बू
फोन ९८४१५६५९७७

<u>सञ्चार संयोजक</u>
गणेश राई,
फोन ९८४१२५६४८८
राजकुमार दिक्पाल

<u>स्रोत संयोजक</u>
श्रीमती कृष्ण सुब्बा
फोन ९८४९२२३०५०
अमर तुम्याहाङ
फोन ९८४१०९५९८१

<u>सदस्यहरू</u>
नरहाङ राई, किराया, हङकङ
एल.बी. बेघा, कियाचु, कतार
क्या. बम लिम्बू, कियाचु, युके
कवि बिक्रम सुब्बा
डा.युवराज लिम्बू
उत्तम सुनुवार
शान्ति देवान
दिल पालुङ्वा, हङकङ
विश्वासदिप तिगेला, ब्रुनाई
पी.एस. लिम्बू, युएइ
डा.लाल रापचा, जर्मन
देवेन्द्र सुर्केली, मलेसिया
इमाहाङ से?लिङ, सिक्किम
रामकृष्ण सुनुवार, युके
हितेन्द्र राई, युके

**श्रीमान् ..................................................................ज्यू**
....................................................................................

**विषयः किरात येले संवत् अन्तर्राष्ट्रिय विशेष विचार गोष्ठीमा सहभागीको लागि उपस्थित भइदिनहुन**

महोदय,

यही मिति २०६६ कार्तिक २८ गते (14th Nov. 2009) को दिन **किरात समन्वय समिति** (किरात राई यायोक्खा, किरात याक्थुङ चुम्लुङ, किरात याक्खा छुम्मा, किरात सुनुवार सेवा समाज) तथा **किरात येले संवत् अध्ययन समन्वय समिति**को संयुक्त आयोजना र **सम्माननीय सभामुख सुवासचन्द्र नेम्वाङ**ज्यूको प्रमुख आतिथ्यमा हुन गइरहेको **किरात येले संवत् अन्तर्राष्ट्रिय विचार गोष्ठी**मा यहाँको गरिमामय सहभागिताको लागि हार्दिक आग्रह गर्दछौं ।

**कार्यक्रम तालिका**
मितिः २०६६ कार्तिक २८ गते (14th Nov. 2009)
स्थानः नेपाल पर्यटन बोर्ड, भृकुटी मण्डप काठमाडौं ।
समयः विहान ८.०० बजेदेखि बेलुकी ५:०० बजेसम्म ।

**उद्घाटनसत्र**
कार्यक्रम स्थलमा आइपुग्नुपर्ने समय विहानको ठीक ७.४५ बजे
चिया खाने समय ८.३० बजेसम्म
कार्यक्रम आरम्भ विहान ठीक ८.३५ बजे ।

**कार्यपत्र प्रस्तोताहरु-**
- नेपालबाट-
- वरिष्ठ इतिहासविद् तथा संवत् ज्ञाता श्री प्रा.डा.जगदीशचन्द्र रेग्मी
- इतिहासविद् श्री प्रा.दिनेशराज पन्त
- सिक्किम भारतबाट-
- लेक्चर बी.एल. खाम्धाक लिम्बू
- बी.बी. रोक्दुङ राई

..........................
प्राज्ञ वैरागी काइँला
संयोजक

....................
बलिराज खम्बू
सचिवालय सचिव

*नोटः किरात येले संवत अध्ययन समन्वय समितिका कार्यगत सहयोगी संस्थाहरुमा किरात समन्वय समिति (किरात याक्खा छुम्मा, किरात सुनुवार सेवा समाज, किरात याक्थुङ चुम्लुङ, किरात राई यायोक्खो), मुन्धुम पब्लिकेइन र नव समन्वय पब्लिकेइसन रहेका छन् ।*

# किरात येले संवत् अध्ययन समन्वय समिति

## काठमाडौँ, नेपाल ।



संयोजक
प्राज्ञ वैरागी काइँला



सहसंयोजक
प्रेमबहादुर बेघा



सचिवालय सचिव
बलिराज खम्बू



सञ्चार संयोजक
गणेश राई



स्रोत संयोजक
कृष्ण सुब्बा



सदस्य
अमर तुम्याहाङ



सदस्य
क्या.छविलाल हाङस्रोङ



सदस्य
कवि विक्रम सुब्बा



सदस्य
डा.युवराज लिम्बू



सदस्य
शान्ति देवान



सदस्य
दुर्गा राई



सदस्य
उत्तम सुनुवार



सदस्य
शङ्कर साम्पाङ राई



सदस्य
राजकुमार दिक्पाल



सदस्य
रामप्रसाद चेम्जोङ



सदस्य
क्या.बम लिम्बू
कियाचु, यूके



सदस्य
दिल पालुङवा
हङकङ



सदस्य
विश्वास दीप तिगेला
ब्रुनाई



सदस्य
डा.लाल-श्याँकारेलु रापचा
जर्मनी



सदस्य
नगेन्द्र इङ्नाम
अमेरिका



सदस्य
देवेन्द्र सुर्केली
मलेसिया



सदस्य
पी.एस. लिम्बू



सदस्य
इमाहाङ से?लिङ
सिक्किम

सदस्य
एल.बी. बेघा
किरायाचु, कतार

सदस्य
हितेन्द्र राई
यूके

सदस्य
नरहाङ राई
किराया, हङकङ

सदस्य
रामकृष्ण सुनुवार
यूके

# किरात येले संवत् अध्ययन समन्वय समिति
## ब्रुनाई शाखा


अध्यक्ष
मदन वान्तावा राई


उपाध्यक्ष
तरुण सुनुवार


उपाध्यक्ष
बसन्त जिरेल


सचिव
जितेन्द्र चेम्जोङ


सम्पर्क सचिव
विश्वास दीप तिगेला


आर्थिक सचिव
सुरेन्द्र इङनाम


सदस्य
विष्णु जिमी (याख्खा)


सदस्य
डिल्लीशेर कोयू राई


सल्लाहकार
रामप्रसाद लिम्बू

## किरात येले संवत् अभिलेख प्रकाशनको लागि ब्रुनाईमा रहेका नेपाली (गोर्खाली) हरुबाट सङ्कलित सहयोगको विवरण

| क्र.सं. | नाम तथा ठेगाना | रकम ब्रुनाई डलरमा |
|---|---|---|
| १. | मदन वान्तावा राई, बैकुण्ठे ३, भोजपुर | $ ३००.०० |
| २. | विष्णु जिमी, तामाफोक ७, सल्ले, सङ्खुवासभा | $ ३००.०० |
| ३. | तरुण सुनुवार, भुजी ७, रामेछाप | $ ३००.०० |
| ४. | विश्वासदिप तिगेला, हात्तिखर्क २, सुन्तले, धनकुटा | $ ३००.०० |
| ५. | जितेन्द्र चेम्जोङ, बोधे ६, धनकुटा | $ २९१.७२ |
| ६. | सुरेन्द्र इङ्नाम, इवा ७, तेह्रथुम | $ २९१.७२ |
| ७. | वसन्त जिरेल, जिरी ७, ढुङ्गे, दोलखा | $ २८७.६४ |
| ८. | मानबहादुर राई, किमालुङ ८, घोडेपङ्खा, भोजपुर | $ १५१.०० |
| ९. | विजयकुमार नेम्बाङ, पौवासारताप ३, पान्थर | $ १५१.०० |
| १०. | रामप्रसाद तुम्बाहाम्फे लिम्बू, बाँसपानी ४, खोटाङ | $ १११.०० |
| ११. | खड्ग चोङवाङ लिम्बू, सम्दू ५, तेह्रथुम | $ १००.०० |
| १२. | विनोद वनेम लिम्बू, पौठाक ६, तेह्रथुम | $ १००.०० |
| १३. | डिल्लीशेर कोयू राई, छिनामखु २, भोजपुर | $ ६१.०० |
| १४. | हरीकुमार राई, बैकुण्ठे ३, भोजपुर | $ ५५.०० |
| १५. | उदय चाम्लिङ, पात्लेपानी, भोजपुर | $ ५१.०० |
| १६. | नीरेन्द्र तुम्बापो लिम्बू, चोकमागु, पान्थर | $ ५१.०० |
| १७. | सुनिल राई, धरान १६, जनपथ | $ ५१.०० |
| १८. | मिलन चाम्स, भोजपुर ३, भोजपुर | $ ५१.०० |
| १९. | गङ्गा सुक्वा लिम्बू, साब्ला ९, पाटीगाँउ, तेह्रथुम | $ ५०.०० |
| २०. | मदन वनेम लिम्बू, फाकुम्बा ३, ताप्लेजुङ | $ ५०.०० |
| २१. | खगेन राई, बाम्राङ १, खोटाङ | $ ३६.०० |
| २२. | गुप्तराज चेम्जोङ, राँके, पान्थर | $ ३१.०० |
| २३. | चन्द्रकुमार लाबुङ, इखाबू, २ ताप्लेजुङ | $ ३०.०० |
| २४. | लोकबहादुर गुरुङ, पाखीवास ३, धनकुटा | $ २१.०० |
| २५. | सुनिल राई, रवी ६, पाँचथर | $ २१.०० |
| २६. | कुमार राई, जितपुर १, इलाम | $ २१.०० |
| २७. | नबिन राई, उँबु २, थोप्लोम, ओखलढुङ्गा | $ २०.०० |
| २८. | शिवध्वज राई, चिसापानी ७, खोटाङ | $ २०.०० |
| २९. | धर्मेन्द्र परियार, टक्सार, भोजपुर | $ १५.०० |
| | **जम्मा ब्रुनाई डलर** | **$ ३,३१९.०८** |

# किरात येले संवत् अध्ययन समन्वय समिति

अनामनगर, काठमाडौं, नेपाल ।



राजा जयबर्माको संवत् १०७ (ई. १८५) उल्लेख भएको मालिगाउँमा पाइएको
हाल राष्ट्रिय सङ्ग्रहालयमा रहेको पूर्ण कदको मूर्ती